"शिक्षा स्वास्थ्य कृषि, पर्यटन र पूर्वाधार; स्वच्छ समृंद्ध बेनी नगरको मूल आधार"

# बेनी नगरकार्यपालिकाको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको आर्थिक ऐन २०८०

बेनी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बेनी, म्याग्दी
२०८०

**प्रस्तावनाः**

शासन संचालनको लागि शासकीय स्वरुप  तीन तहको हुने तथा राज्य शक्तिको प्रयोग तीनै तहले संविधान र कानुन वमोजिम गर्ने व्यवस्था गरेको छ । संघ,प्रदेश र स्थानिय तहले आफ्नो अधिकार क्षेत्रभित्रको आर्थिक अधिकार सम्बन्धि विषयमा कानून बनाउने,वार्षिक बजेट बनाउने,निर्णय गर्ने,निती तथा योजना तयार पार्ने व्यवस्था बमोजिम यो आर्थिक ऐन तयार पारिएको छ ।

बेनी नगरपालिकाले आर्थिक बर्ष २०८०/०८१ को अर्थ सम्बन्धी प्रस्तावलाइ कार्यान्वयन गर्नका निमित्त स्थानीय कर तथा शूल्क सङ्कलन गर्ने, छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न बाञ्छनीय भएकोले नेपालको संविधानको धारा २२८ को उपधारा (२)बमोजिमनगरसभाले यो ऐन बनाएको छ ।

१) **सम्पति कर/ भूमि करः** नगरपालिकाका क्षेत्र भित्र अनुसूचि (१) र (२) बमोजिम क्रमश सम्पत्ति तथा भूमी कर लगाइने र असूल उपर गरिनेछ ।सम्पति तथा भुमी कर असुल गर्दा घर टहराको संरचना तर्फको मुल्यांकन अनुसुची ३ बमोजिम र जग्गाको मुल्यांकन अनुसुची १५ वमोजिम गरिनेछ ।

२) **घर वहाल करः** नगरपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पूरै वा आंशिक तबरले वहालमा दिएकोमा अनुसूची ४ मा व्यवस्था गरे बमोजिमले घर जग्गा वहाल कर लगाइने र असूल गरिनेछ ।

३) **व्यवसाय करः** नगरपालिका क्षेत्रभित्र व्यापार, व्यवसाय वा सेवामा अनुसूचि (५) बमोजिम व्यवसाय कर लगाइने र असूल उपर गरिनेछ ।

४) **जडिबुटी, कवाडी र जीवजन्तु करः** नगरपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले ऊन, खोटो, जडिबुटी, वनकस, कवाडी माल र प्रचलित कानूनले निषेध गरिएको जीवजन्तु वाहेकका अन्य मृत वा मारिएका जीवजन्तुको हाड, सिङ, प्वाँख, छाला जस्ता बस्तुको व्यवसायिक कारोवार गरेवापत अनुसूचि (६) बमोजिमको कर लगाइने र असूल उपर गरिनेछ ।

५) **सवारी साधन करः**नगरपालिका क्षेत्रभित्र दर्ता भएका सवारी साधनमा अनुसूचि (७) बमोजिम सवारी साधन कर लगाइने र असुल उपर गरिनेछ ।तर, प्रदेश कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

६) **विज्ञापन करः** नगरपालिका क्षेत्रभित्र हुने विज्ञापनमा अनुसूचि ८ बमोजिम विज्ञापन कर लगाइने र असूल उपर गरिनेछ । तर, प्रदेश कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

७) **मनोरन्जन करः** नगरपालिका क्षेत्रभित्र हुने मनोरन्जन व्यवसाय सेवामा अनुसूचि (९) बमोजिम व्यवसाय कर लगाइने र असुल उपर गरिनेछ तर कानूनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

८) **पटके करः** स्थानीय उत्पादन प्रवद्धनका लागि दैनिक रुपमा विक्रि वितरण गर्न दिए वापत अनुसुची १० वमोजिम पटके कर लिइने छ ।

९) **बहाल बिटौरी शुल्कः** अनुसुची (११) मा उल्लेख भए बमोजिम सोही अनुसूचिमा भएको व्यवस्था अनुसार बहाल बिटौरी शुल्क लगाइने र असूल उपर गरिनेछ ।

११.**सेवा शुल्क, दस्तुरः** नगरपालिकाले निर्माण, संचालन वा व्यवस्थापन गरेका अनुसूचि( १२) मा उल्लेखित स्थानीय पूर्वाधार र उपलब्ध गराइएको सेवामा सेवाग्राहीबाट सोही अनुसूचिमा व्यवस्था भए अनुसार शुल्क लगाइने र असूल उपर गरिनेछ ।

१२. **कर तथा शुल्क संकलन सम्बन्धि व्यवस्था:** कुनै एउटा करदातासँग सम्वन्धित विभिन्न कर तथा दस्तुरहरु एउटै करदाता नं. वाट काट्ने व्यवस्था मिलाउन सकिनेछ। साथै सम्पत्ती करको रसिद जारी गर्दा निजले बुझाउनु पर्ने वार्षिक फोहोरमैला शुल्क अनिवार्य भुक्तानी गरेको हुनु पर्नेछ ।

१३. **सडक मर्मत तथा सुधार शुल्कः** अनुसुची १३ बमोजिम सडक मर्मत तथा सुधार शुल्क लगाइने छ ।

१४. नगरपालिका क्षेत्रभित्र लगाउने ढुंगा गिट्टी वालुवा रोडा ग्राभेल आदीमा लगाउने विक्री कर र निकासी करको दर प्रदेश कानुनमा व्यवस्था गरे बमोजिम हुनेछ ।

१५. **कर छुट तथा जरिवाना:** न.पाले लिने कर तथा शुल्कको छुट तथा जरिवाना अनुसुची १४ मा व्यवस्था भए बमोजिम हुनेछ ।

नगर सभा बाट आ.ब २०७९/२०८० को लागि स्वीकृत बिभिन्न करका दर लाई समेत अध्ययन र आधार मानी आ.व २०८०/०८१ को लागी कर दस्तुरको दर सम्बन्धमा छलफल भै देहाय बमोजिमको करको दरहरु नगर कार्यपालिकाबाट स्वीकृत गरि नगरसभाबाट पारित गरियो ।

## अनुसूची १

### सम्पति करः

| सि.नं. | विवरण | मुल्य रु | कैफियत |
|---|---|---|---|
| १ | रु ५ लाख सम्मका घर जग्गाहरु | रु १०० | |
| २ | रु ५ लाख १ देखि १० लाख सम्मका घर जग्गाहरु (प्रतिलाख) | रु २५ | |
| ३ | रु १० लाख१ देखि रु २० लाख सम्मका घर जग्गाहरु (प्रतिलाख) | रु ३० | |
| ४ | रु २० लाख१ देखि रु ४० लाख सम्मका घर जग्गाहरु (प्रतिलाख) | रु ३३ | |
| ५ | रु ४० लाख१ देखि रु ८० लाख सम्मका घर जग्गाहरु (प्रतिलाख) | रु ३८ | |
| ६ | रु ८० लाख१ देखि रु १ करोड ५० लाख सम्मका घर जग्गाहरु (प्रतिलाख) | रु ४० | |
| ७ | रु १करोड ५० लाख १ देखि रु २ करोड ५० लाख सम्मका घर जग्गाहरु (प्रतिलाख) | रु ४४ | |
| ८ | रु २ करोड ५० लाख १ देखि रु ४ करोड सम्मका घर जग्गाहरु (प्रतिलाख) | रु ४७ | |
| ९ | रु ४ करोड १ देखि माथी (प्रतिलाख) | रु ५० | |

## अनुसुची २

### भूमी कर

| सि.नं. | विवरण | मुल्य रु | कैफियत |
|---|---|---|---|
| १ | रु ५ लाख सम्मका जग्गाहरु | रु १०० | |
| २ | रु ५ लाख १ देखि १० लाख सम्मका जग्गाहरु (प्रतिलाख) | रु २० | |
| ३ | रु १० लाख१ देखि रु २० लाख सम्मका जग्गाहरु (प्रतिलाख) | रु २५ | |
| ४ | रु २० लाख१ देखि रु ४० लाख सम्मका जग्गाहरु (प्रतिलाख) | रु ३० | |
| ५ | रु ४० लाख१ देखि रु ८० लाख सम्मका जग्गाहरु (प्रतिलाख) | रु ३५ | |
| ६ | रु ८० लाख१ देखि रु १ करोड ५० लाख सम्मका जग्गाहरु (प्रतिलाख) | रु ३७ | |
| ७ | रु १करोड ५० लाख १ देखि रु २ करोड ५० लाख सम्मका जग्गाहरु (प्रतिलाख) | रु ४० | |
| ८ | रु २ करोड ५० लाख १ देखि रु ४ करोड सम्मका जग्गाहरु (प्रतिलाख) | रु ४३ | |
| ९ | रु ४ करोड १ देखि माथी प्रतिलाख | रु ४५ | |

## अनुसूची ३

## सम्पति कर असुल गर्दा घर टहराको संरचना तर्फको मुल्यांकन

| सि.नं. | विवरण | मुल्य प्रति स्क्वायर फिट | ह्रास कटी दर प्रति बर्ष (प्रतिशतमा) |
|---|---|---|---|
| १ | आर.सि.सि भवन तर्फ | रु २००० | २ |
| २ | सिमेन्ट जोडाईमा ईट्टा वा ढुङ्गाको गारो —आर.सि.सि | रु १५०० | २.५ |
| ३ | माटोको जोडाईमा ईट्टा वा ढुङ्गाको गारो —आर.सि.सि वा | रु ६०० | ३ |
| ४ | माटोको जोडाईमा ईट्टा वा ढुङ्गाको गारो- जस्ता/टायलको छाना सेड वा कच्ची घर | रु ५०० | ४ |
| ५ | सिमेन्ट जोडाईमा ईट्टा वा ढुङ्गाको गारो- जस्ता/टायलको छाना | रु६०० | ३ |
| 6 | टील सेक्सन आइ वीम प्रयोग गरी आर सि सि सहितको भवन | रू१८०० | २ |

**पुनश्च:**

आ.व. ०७९/०८० सम्म सम्पत्ती करमा र आ.व.०८०/०८१ बाट भुमी करमा कर असुल गर्ने सिलसिलामा घडेरी प्रयोजनका लागि वाटोको दाँया बाँया पर्ने जग्गाको हकमा वाटोको मापदण्डको छेउमा १ रोपनी जग्गालाई बाटोको मापदण्ड अन्तरगत मुल्यांकन गर्ने र १ रोपनी भन्दा माथीको जग्गा मध्ये ३० प्रतिशत जग्गा घडेरी (मोटरबाटोको मापदण्ड) र ७० प्रतिशत जग्गा कृषि क्षेत्र अथवा भिर, पहरा, पहिरो अन्तर्गत कायम गरि मूल्यांकन गर्ने ।

- सम्पत्तीकरमा कर असुली गर्दा घरको पिन्थ एरिया र घरले ओगटेको जग्गाको क्षेत्रफल र अधिकतम सो क्षेत्रफल वरावरको थप जग्गालाई सम्पत्ती कर मानिनेछ ।
- सम्पत्ती र भुमी कर छुट्टा छुट्टै लगाउनु भन्दा पहिलेको वक्यौताको हकमा साविकमा तोकिएको व्यवस्था बमोजिमनै कर लगाइने छ ।

**मालपोत(भुमीकर) बक्यौता असुलीको हकमामात्र**

पाँच रोपनी सम्मको न्युनतम रु  २० र त्यस पछिको सवै जग्गामा प्रति रोपनी रु ५ ले वक्यौता लिइनेछ

**अनुसुची ४**

**घर जग्गा वहाल कर सम्वन्धी**

| **क.स.** | **वहाल कर लगाउने प्रयोजनको विववरण** | **वहाल कर दर** |
|---|---|---|
| १. | संघ सँस्था कार्यालय वैंक तथा वित्तीय संस्था निजि विद्यालय, प्रा.लि. आदीलाई भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पूरै वा आंशिक तबरले वहालमा लगाएकोमा । | १० प्रतिशत |
| २. | व्यवसायीक प्रयोजनका सम्पुर्ण व्यक्तिगत व्यवसायहरु आदिलाई लिएका होटल, भवन, घर, सटर, कोठा, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पूरै वा आंशिक तबरले वहालमा लगाएकोमा । | ४ प्रतिशत |
| ३. | आवसिय प्रयोजनको लागि लिइएका जग्गा घर कोठा छाप्रो तथा सटरहरु  वहालमा लगाएमा । | २ प्रतिशत |
| ४. | यदि २०८० साल श्रावण १ भन्दा अगाडीको वहाल करको सम्झौता पेश गरी वहाल कर तिर्न आउदा आर्थिक ऐन २०८० मा तोकिएको दरमा लिने । | |

# अनुसुची ५

## व्यवसाय करः

| सि न | | व्यवसायको नाम तथा किसिम | आ.व ०८०/८१को प्रस्तावित करको दर | कैफियत |
|---|---|---|---|---|
| १ | | व्यापारीक वस्तु | | |
| | १.१ | डिलर सिप सबै प्रकारका | २५०० | |
| | १.२ | डिपार्टमेन्टल स्टोर्स | २५०० | |
| | १.३ | सवारी साधन विक्रेता | १०००० | |
| | १.४ | साईकल विक्रेता | १००० | |
| | १.५ | मोटर साईकल विक्रेता | ३००० | |
| | १.६ | कम्प्युटर विधुत सामान क्यामेरा टेलीभिजन रेडीयो | १५०० | |
| | १.७ | हार्डवयर पसल ठुलो | ५००० | |
| | १.८ | हार्डवयर पसल सानो | २००० | |
| | १.९ | दैनिक उपभोग्य सामान ठुलो | १५०० | |
| | १.१० | दैनिक उपभोग्य सामान मध्यम | १००० | |
| | १.११ | दैनिक उपभोग्य सामानको सानो | ५०० | |
| | १.१२ | दैनिक उपभोग्य सामानको थोक विक्रेता | २००० | |
| | १.१३ | फलफुल तथा तरकारी पसल थोक | १५०० | |
| | १.१४ | फलफुल तथा तरकारी पसल ठुलो | १००० | |
| | १.१५ | फलफुल तथा तरकारी पसल सानो | ५०० | |
| | १.१६ | सुती, उनी, नाईलन कपडा पसल | २००० | |
| | १.१७ | फेन्सी पसल सानो | १००० | |
| | १.१८ | फेन्सी पसल मध्यम | २००० | |
| | १.१९ | फेन्सी पसल सानो ठुलो | ३००० | |
| | १.२० | सुन पसल उच्च | ५००० | |
| | १.२१ | सुन पसल मध्यम | ३००० | |
| | १.२२ | सुन पसल सानो | २००० | |
| | १.२४ | पेट्रोल पम्प | १०००० | |
| | १.२५ | स्पोटर्स | १००० | |

| | | | | |
|---|---|---|---|---|
| २ | | निर्माण व्यवसाय (नगरपालिका क्षेत्रमा प्रधान कार्यालय भएका निर्माण व्यवसायी ) | | |
| | २.१ | क वर्ग | १०००० | |
| | २.२ | ख वर्ग | ४५०० | |
| | २.३ | ग वर्ग | ३५०० | |
| | २.४ | घ वर्ग | २५०० | |
| ३ | | उत्पादन मुलक उद्योग | | |
| | ३.१ | अल्मुनियम उद्योग | २५०० | |
| | ३.२ | मैनवत्ति उद्योग | ४०० | |
| | ३.३ | कापी उद्योग | २००० | |
| | ३.४ | चाउमिन उद्योग | २००० | |
| | ३.५ | मिनरल वाटर म.म किमा उद्योग | २५०० | |
| | ३.६ | म.म किमा उद्योग | १५०० | |

## कृषि तथा वन जन्य उद्योग

| | | | | |
|---|---|---|---|---|
| ४ | ४.१ | खनिज जन्य उद्योग ( ढुगा उद्योग ) | ५००० | कैफियत |
| | ४.२ | क्रसर उद्योग | ३०००० | |
| | ४.३ | कुटानी पिसानी सहितको तेल पेल्ने मिल | २२०० | |
| | ४.४ | कुटानी पिसानी मिल | १००० | |
| | ४.५ | फर्निचर उद्योग बजार क्षेत्र | २००० | |
| | ४.६ | फर्निचर उद्योग ग्रामिण क्षेत्र | १००० | |
| | ४.७ | पशु दाना उद्योग | १८०० | |
| | ४.८ | पोल्ट्री फर्म सानो | १५०० | |
| | ४.९ | बंगुर पालन | १५०० | |
| | ४.१० | भैसी, गाई, बाख्रा पालन व्यवसाय | १५०० | |
| | ४.११ | स- मिल फर्निचर सहित बजार क्षेत्र | ३००० | |
| | ४.१२ | स- मिल फर्निचर सहित ग्रामिण क्षेत्र | २००० | |
| | ४.१३ | हरियाली कृषी समुह | ३५०० | |
| | ४.१४ | ह्याचरी | १५०० | |
| | ४.१५ | सम्पुर्ण कृषि तथा पशुपंक्षी फर्म | १५०० | |

## पर्यटन उद्योग

| ५ | | विवरण | रकम | |
|---|---|---|---|---|
| | ५.१ | होटल ठुलो | ५००० | |
| | ५.२ | होटल मध्यम | ३००० | |
| | ५.३ | होटल सानो | २००० | |
| | ५.४ | अन्य  स साना चिया खाजा तथा खाना पसल | ८०० | |
| | ५.५ | रेष्टुरेन्ट एण्ड बार ठुलो | २००० | |
| | | रेष्टुरेन्ट एण्ड बार सानो | १००० | |
| | ५.६ | रक्सी डिलर | ३००० | |
| | ५.७ | लज भै डिस्टीलरी सामान बेच्ने | ४००० | |
| | ५.८ | गजल रेष्टुरेन्ट ( दोहोरीसाझ समेत) | ४००० | |

## सेवा उद्योग

| ६ | | विवरण | रकम | |
|---|---|---|---|---|
| | ६.१ | अफसेट प्रेस | २५०० | |
| | ६.२ | लेटर प्रेस | १३०० | |
| | ६.३ | चलचित्र भिडीयो | १००० | |
| | ६.४ | सार्वजनिक परिवहन सेवा (नगरपालिका भित्र प्रधान कार्यालय भएको ) | २००० | |
| | ६.५ | सार्वजनिक परिवहन सेवा (नगरपालिका भित्र शाखा कार्यालय भएको ) | १६०० | |
| | ६.६ | फोटोग्राफी | १००० | |
| | ६.७ | प्रयोग शाला | १००० | |

## निर्माण उद्योग

| ७ | | विवरण | रकम | |
|---|---|---|---|---|
| | ७.१ | सिमेन्ट ब्लक उद्योग | १५०० | |
| | ७.२ | मेटल/ग्रिल उद्योग | २५०० | |
| | ७.३ | ईट्टा उद्योग (चिम्नी भट्टा) | ३५०० | |
| | ७.४ | ईट्टा उद्योग साधारण भट्टा | १५०० | |
| | ७.५ | अन्य उद्योग | १५०० | |
| | ७.६ | हाईड्रोपावर कम्पनी -प्रति मेघावाट | ५०० | |

## संचार सेवा

| ८ | | विवरण | रकम | |
|---|---|---|---|---|
| | ८.१ | एन सेल | १००० | |
| | ८.२ | निजी मोवाईल सेवा केन्द्र | १००० | |
| | ८.३ | निजी टेलिफोन तथा फ्याक्ससेवा | १००० | |
| | ८.४ | फ्याक्स फोटोकपी तथा प्रिन्टर सेवा | १००० | |
| | ८.५ | मोवाईल फोन विक्री मर्मत | १५०० | |
| | ८.६ | कुरियर सेवा | ७०० | |
| | ८.७ | साईवर सेवा | १२०० | |
| | ८.८ | Screen print छपाई तथा प्रकाशन | २००० | |

## वित्तिय सेवा

| ९ | | विवरण | रकम | |
|---|---|---|---|---|
| | ९.१ | आर्थिक कारोवार समेत गर्ने वित्तिय कम्पनीको मुख्य तथा शाखा कार्यालय | १२००० | |
| | ९.२ | विमा कम्पनी ( शाखा/ सम्पर्क ) | १२००० | |
| | ९.३ | विदेशी मुद्रा सटही | २००० | |
| | ९.४ | मनी टान्सफर | २००० | |
| | ९.५ | धितो पत्र कारोवार | ५००० | |
| | ९.६ | क वर्गको वाणिज्य बैङ्क | १८००० | |
| | ९.७ | ख वर्गको विकास बैक | १५००० | |

| | | | | |
|---|---|---|---|---|
| | ९.८ | ग वर्गको वित्तिय संस्था | १२००० | |
| | ९.९ | घ वर्गका संस्था -लघुवित्त | १०००० | |
| | ९.१० | सहकारी संस्था उदेश्यका आधारमा | | |
| | ९.१०.१ | रु १० करोड सम्म कारोबार भएको | ३००० | |
| | ९.१०.२ | रु १० करोड देखी रु २० करोड सम्म कारोबार भएको | ५००० | |
| | ९.१०.३ | रु २० करोड देखी माथी कारोवार भएको | ८००० | |
| | ९.१०.४ | कृषि सहकारी संस्था | १००० | |
| | ९.१०.५ | केवल लाइन प्रसारण गर्ने संचार सहकारी | ४००० | |

## विशेषज्ञ परामर्श तथा अन्य व्यवसायिक सेवा

| १० | | विवरण | | |
|---|---|---|---|---|
| | १०.१ | चिकित्सक | १५०० | |
| | १०.२ | दन्त चिकित्सक रिसर्च | १५०० | |
| | १०.३ | पशु चिकित्सक | १००० | |
| | १०.४ | कविराज/ योग केन्द्र | १००० | |
| | १०.५ | ईन्जिनियर | १५०० | |
| | १०.६ | कानुन व्यवसायी | २००० | |
| | १०.७ | लेखापरिक्षक | २००० | |
| | १०.८ | क वर्ग | २००० | |
| | १०.९ | ख वर्ग | १५०० | |
| | १०.१० | ग वर्ग | १००० | |
| | १०.११ | घ वर्ग | १००० | |
| | १०.१२ | विमा एजेन्ट | १००० | |
| | १०.१३ | सर्भेयर | १००० | |
| | १०.१४ | अनुवादक | १००० | |
| | १०.१५ | नोटरी पव्लिक सेवा | २००० | |
| | १०.१६ | अनुसन्धान कर्ता तथा परामर्शदाता भाषा अनुवादक समेत | १००० | |
| | १०.१७ | कम्प्युटर एनालिष्ट तथा प्रोग्रामर | १००० | |
| | १०.१८ | शेयर दलाल | १००० | |
| | १०.१९ | सामान ढुवानी कर्ता कम्पनी | १६०० | |
| | १०.२० | संस्थागत पेन्टर | ५२०० | |

| | | | | |
|---|---|---|---|---|
| | १०.२१ | भु सेवा केन्द्र | १५०० | |
| | १०.२२ | भू सेवा र कानुनी लेखापढी व्यवसायको प्रोपाइटर एउटै भएमा एकमुष्ठ २००० लिने | २००० | |
| | १०.२३ | कानुनी लेखापढी केन्द्र | १५०० | |
| | १०.२४ | डान्स प्रशिक्षण केन्द्र लगायत अन्य सम्पुर्ण प्रशिक्षण केन्द्र | १५०० | |
| | १०.२५ | सन्चार माध्यम अन्तर्गत पर्ने व्यवसाय (पत्रपत्रिका, विभिन्न अनलाइन मिडीया, विज्ञापन एजेन्सी लगायतका सोही प्रकृतीका अन्य सेवाहरु र सोही प्रकृतीको मात्र कारोवार गर्ने सम्पुर्ण संचार सहकारीहरु आदी) | १००० | |

## शिक्षा सेवा

| ११ | | विवरण | | |
|---|---|---|---|---|
| | ११.१ | निजी क्षेत्रका क्याम्पस र १०+२ | १२००० | |
| | ११.२ | निजि क्षेत्रका मा.वि विद्यालय | १०००० | |
| | ११.३ | निजी क्षेत्रका नि.मा.वी/ आधारभुत विद्यालय | ५००० | |
| | ११.४ | निजी क्षेत्रका प्रा.वि/आधारभुत विद्यालय | ३००० | |
| | ११.५ | निजी क्षेत्रका पुर्व प्रा.वि विद्यालय | ३००० | |
| | ११.६ | निजि क्षेत्रका होस्टेलहरु | ३००० | |
| | ११.७ | तालिम तथा अनुसन्धान केन्द्र | १५०० | |
| | ११.८ | प्राविधिक शिक्षालय | ३००० | |
| | ११.९ | टाईपिङ तथा कम्प्युटर प्रशिक्षण केन्द्र ( भाषा र ट्युसन तथा कोचिङ सेन्टर समेत) | २५०० | |
| | ११.१० | विभिन्न भाषा प्रशिक्षण केन्द्र | २५०० | |

## मर्मत संभार केन्द्र

| १२ | | विवरण | प्रस्तावित कर दस्तुर | |
|---|---|---|---|---|
| | १२.१ | हेवी इक्युवमेन्ट मर्मत केन्द्र(बस, ट्रक कार) | १०००० | |
| | १२.२ | मोटर साईकल | ३००० | |
| | १२.३ | साईकल तथा अन्य सामान मर्मत (प्रेसर, कुकर, हिटर,टेलीफोन सेट, सिलाई मेशिन मर्मत) | १००० | |
| | १२.४ | रेडियो तथा टि.भि मर्मत केन्द्र | १५०० | |
| | १२.५ | रेडीयो तथा घडी मर्मत केन्द्र | १००० | |

| | | | | |
|---|---|---|---|---|
| | १२.६ | घडि मर्मत | ५०० | |
| | १२.७ | कम्प्युटर बिजुलीका सामान क्यामेरा रेडियो टेलिभिजन फर्निसिङ तथा फिनिसिक पसल | २५०० | |
| | १२.८ | फोटोकपी कम्प्युटर  विक्री तथा मर्मत | २५०० | |
| | १२.९ | अन्य इलेक्ट्रीक तथा इलेक्टोनिक्स मर्मत | १००० | |

**अन्य सेवा**

| १३ | | विवरण | | कैफियत |
|---|---|---|---|---|
| | १३.१ | विज्ञापन एजेन्सी | १००० | |
| | १३.२ | बैदेशिक रोजगार सेवा | १५०० | |
| | १३.३ | स्वदेशी रोजगार सेवा | ५०० | |
| | १३.४ | हाउजिङ कम्पनी तथा घर ( जग्गा खरिद रियल स्टेट ) | १००० | |
| | १३.५ | ब्युटी पार्लर, केश श्रृगार | १००० | |
| | १३.६ | ब्युटी पार्लर, प्रशिक्षण केन्द्र | २५०० | |
| | १३.७ | ड्राई क्लिनर्स | १००० | |
| | १३.८ | फोटो स्टुडियो | १००० | |
| | १३.९ | साईनवोर्ड पेन्टीङ सेवा | १००० | |
| | १३.१० | पशु वधशाला | ३००० | |
| | १३.११ | मासु विक्रेता सवै प्रकारका ( कुखुरा, खसी, बोका, राँगा, बंगुर, माछा) | १००० | |
| | १३.१२ | टेलर्स (कपडा सहितको ) | २००० | |
| | १३.१३ | सिलाई केन्द्र २ भन्दा बढी मेसिन ( टेलर्स) | १००० | |
| | १३.१४ | सिलाई प्रशिक्षण केन्द्र | १००० | |
| | १३.१५ | कवाडी | २००० | |
| | १३.१६ | टेन्ट हाउस | १५०० | |
| | १३.१७ | एकोरियम | १००० | |
| | १३.१८ | जिमखाना/योगा | १५०० | |

## माथिको वर्गिकरणमा नपरेका अन्य विविध सेवा व्यवसाय तथा कारोवारहरु

| १४ | | विवरण | प्रस्तावित कर दस्तुर | कैफियत |
|---|---|---|---|---|
| | १४.१ | कपडा/छाला जुता पसल | २००० | |
| | १४.२ | कपडा/छाला जुता निर्माण तथा मर्मत केन्द्र | १००० | |
| | १४.३ | भाडा पसल ठुलो | २५०० | |
| | १४.४ | भाडा पसल सानो | १५०० | |
| | १४.५ | चुरा पसल टंकीमा राखेको | ५०० | |
| | १४.६ | चुरा पसल | ५०० | |
| | १४.७ | काठ तथा स्टिल फर्निचर तथा फर्निसङ पसल | २५०० | |
| | १४.८ | चस्मा पसल | १००० | |
| | १४.९ | मेशिनरी पार्ट पुर्जा पसल | २५०० | |
| | १४.१० | हजाम पसल | १५०० | |
| | १४.११ | ड्राईभिङ इन्स्टीच्युट | २५०० | |
| | १४.१२ | पान पसल | ५०० | |
| | १४.१३ | डिजिटल कलर ल्याव | २५०० | |
| | १४.१४ | ल्फेक्स, प्रिन्टर सेवा | २००० | |
| | १४.१५ | अडियो तथा भिडियो क्यासेट सेन्टर | १००० | |
| | १४.१६ | दुग्धडेरी सहकारी संघ | १००० | |
| | १४.१७ | दुध डेरी सानो | १००० | |
| | १४.१८ | दुघ्धडेरी/दुग्धजन्य उत्पादन ठुलो | १५०० | |
| | १४.१९ | दुघ्ध चिस्यान केन्द्र | २५०० | |
| | १४.२० | स्यानिटरी सामानको पसल | १५०० | |
| | १४.२१ | प्लाष्टीक मेच कुर्चीं तथा पलाष्टीक जन्य सामाग्री पसल | १००० | |
| | १४.२२ | ग्यास सिलिण्डर विक्रेता | १००० | |
| | १४.२३ | कोल्ड ड्रिङस पसल | १००० | |
| | १४.२४ | उनी पसल | १००० | |
| | १४.२५ | होजियारी उद्योग उच्च | १४०० | |
| | १४.२६ | होजियारी उद्योग मध्यम | ९०० | |
| | १४.२७ | होजियारी उद्योग साधारण | ७०० | |
| | १४.२८ | कस्मेटीक पसल थोक | ३००० | |
| | १४.२९ | कस्मेटीक पसल खुद्रा | १५०० | |

| | | | | |
|---|---|---|---|---|
| | १४.३० | स्टेशनरी होलसेल | ३००० | |
| | १४.३१ | स्टेशनरी खुद्रा | १५०० | |
| | १४.३२ | पत्र पत्रिका पसल | ९०० | |
| | १४.३३ | चिया पसल | ५०० | |
| | १४.३४ | मिठाई पसल(मिष्ठान्न भण्डार) | १५०० | |
| | १४.३५ | म.म रेष्टुरा | १५०० | |
| | १४.३६ | भोजनालय | १५०० | |
| | १४.३७ | पाउरोटी, दालमोट, मसला जस्ता घरेलु उद्योग | १००० | |
| | १४.३८ | कन्सल्टेन्सी एवं परामर्श सेवा | १५०० | |
| | १४.३९ | मेन पावर क शाखा कार्यालय | २५०० | |
| | १४.४० | कृषि फलफुल तथा वन नर्सरी व्यवसाय | ५०० | |
| | १४.४१ | कृषि बिउ बिजन भण्डार | ९०० | |
| | १४.४२ | केवल लाईन प्रसारण | ४००० | |
| | १४.४३ | इन्टरनेट सेवा | १५०० | |
| | १४.४४ | एफ एम रेडियो प्रसारण (सामुदायिक समेत) | २५०० | |
| | १४.४५ | पुल हाउस (ईस्नुकर) | १००० | |
| | १४.४६ | सोलार पाउर सप्लायर्स | २००० | |
| | १४.४७ | खेलौना तथा उपहार सामाग्री पसल | १००० | |
| | १४.४८ | मदिराजन्य पसल | ३००० | |
| | १४.४९ | पेपर हेन्डीक्राफ्ट सम्वन्धी पसल | ५०० | |
| | १४.५० | पाँच वा सो भन्दा वढी व्यवाय रहेको प्रा.लि | ५००० | |
| | १४.५१ | अन्य विभिन्न प्रकारका प्रा.लि | ३५०० | |
| | १४.५२ | दुईदेखी ४ वटा व्यवसाय रहेको प्रा.लि | ३५०० | |
| | १४.५३ | पाटी प्यालेस | २५०० | |
| | १४.५४ | कृषि तथा पशुपक्षी फर्म/व्यवसाय | १५०० | |
| | १४.५५ | विउ विजन पसल एग्रोभेट | १५०० | |
| | १४.५६ | माथी वर्गिकरणमा नपरेका अन्य व्यवसाय प्रकृती हेरी | १०००देखी५००० सम्म | |

**पुनश्चः**

- वेनी नगर क्षेत्रभित्र व्यवसाय सञ्चालन गर्न चाहने व्यक्तिले न.पा.को सम्वन्धित वडा कार्यालयमा अभिलेख प्रयोजनका लागि व्यवसाय दर्ता गर्नुपर्नेछ । तर व्यवसाय सञ्चालन गर्नु पूर्व प्रचलित कानून बमोजिम तोकिएको निकायबाट अनुमती लिनुपर्ने अवस्थामा सम्वन्धित निकायबाट अनुमती लिनुपर्ने दायीत्व सम्वन्धित व्यवसाय सञ्चालन गर्ने व्यक्तिको हुनेछ ।
- साथै स्वास्थ्य सँस्था/क्लिनिक/नसिङ्ग होम/आयुर्वेदिक पसलको पान प्रयोजनलाई मात्र सम्वन्धीत वडा कार्यालय मार्फत दर्ता शुल्क मात्र लिएर व्यवसाय दर्ता प्रमाण पत्र उपलव्ध गराउने र सो पश्चात वेनी नगरपालिकाको स्वास्थ्य शाखा मार्फत स्वास्थ्य सँस्था दर्ता अनुमती तथा नविकरण अनुसार तोकिएको दस्तुर लिइ आवश्यक प्रकृया तथा काम कारवाही गर्ने ।
- वडामा दर्ता भै सकेका व्यवसायको प्रकृती व्यापारको अवस्था तथा स्थान आदीलाइ मध्यनजर गरेर कुनै व्यवसाय करको दर थपघट गर्नु पर्ने अवस्थामा आर्थिक ऐनमा तोकिएको न्युनतम तथा अधिकतम सिमा भित्र रहेर दर रेट संसोधन गर्नका लागि सम्वन्धित वडाअध्यक्षको निर्णय मार्फत गर्न सकिनेछ ।

## अनुसुची ६

## कवाडी मालसामानमा लाग्ने कर

| | नाम | प्रति के.जी दर |
|---|---|---|
| १ | प्राकृतिक तथा कृतिम उनका टुक्रा गार्मेन्टको कपडाको टुक्रा टायर ट्युव थोत्रो टिन र पुरानो ड्रम कागज | रु १/- |
| २ | जुट र प्लाष्टिकका बोरा कार्पेटका टुक्रा पोलिथिन पाईप समेत धातुका टुक्राहरु पत्रु भई काम नलाग्ने भएका धातुका सामानहरु फलाम लगायतका मेशिनरी औजार समेत सिसा लिड को धुलो वा काचको धुलो र टुक्रा खाली बोटल सिसा जन्य वस्तुहरु | रु २/- |
| ३ | • प्रचलित कानुनले निषेधित गरे बाहेकका मरेका वा मारिएका पशुका) हाड सिंग खूर प्रति के.जी<br>• छाला ( ठुलो/ सानो ) प्रति गोटा | रु १/-<br>रु ४०/- |

## अनुसुची ७

## बार्षिक सवारी साधन दर्ता तथा नविकरण शुल्क

| | सवारी साधन किसिम | आ.व२०८०/०८१को प्रस्तावित दर | कैफियत |
|---|---|---|---|
| १ | बस ट्रक लहरी र अन्य हेभि गाडी | १२०० | नविकरण |
| २ | भाडाका कार, जीप, भ्यान र टयाक्टर | ३०० | नविकरण |
| ३ | भाडाका टयाम्पो, पावर टेलर | २०० | नविकरण |
| ४ | भाडाका मिनिबस, मिनिट्रक | ७०० | नविकरण |
| ५ | निजि कार तथा टेम्पो, मिनि बस, ट्रक | २०० | नविकरण |
| ६ | स्कुटर, मोटरसाईकल तथा अन्य सवारी | १५० | नविकरण |
| ७ | ठेला गाडा तथा रिक्सा | २५ | नविकरण |
| ८ | अटो रेक्सा | २००० | नविकरण |
| ९ | दर्ता तथा संचालन ईजाजत दस्तुर न.पा मा ठेला रेक्सा टांगा दर्ता गरी नम्बर दिए बापत | ५० | दर्ता |
| १० | अटो रेक्सा संचालन (दर्ता) अनुमती | ७५०० | दर्ता |

# अनुसुची ८

## विज्ञापन कर

बेनी नगर क्षेत्र भित्र राखिने विभिन्न व्यापारीक विज्ञापन वोर्डहरु मा तपशिल बमोजिमका दरले विज्ञापन कर लगाउन सकिने छ ।

**<u>तपशिल</u>**

| क्र. स. | विज्ञापन सामाग्रीहरु को विवरण | सार्वजनिक स्थानमा रु | निजि स्थानमा रु |
|---|---|---|---|
| १ | विधुतिय डिजिटल वोर्ड प्रति वर्ग फिट | १३० | ११५ |
| २ | डिजिटल डिस्प्ले वोर्ड तथा डिजिटल स्क्रिन प्रति वर्ग फिट | १२० | ११० |
| ३ | ग्लो साईन वोर्ड, नियोन साईन, एल इ.डी बोर्ड, ए सि पि बोर्ड तथा अन्य लाइट वोर्ड | ११० | ९० |
| ४ | पसलमा राखिने फ्लेक्स गेट, फ्लेक्स वोर्ड प्रति वर्ग फिट | ९० | ७० |
| ५ | पसल वाइन्डीङ्ग गर्न लगाइने सामाग्रीहरु भित्र बाहिर भिनाइल फोरेक्स आदी । | ७५ | ६० |
| ६ | बाल पेन्टीङ सटर पेन्टीङ प्रति वर्ग फीट | ५५ | ३० |
| ७ | अन्य विज्ञापन | ५० | २० |
| ८ | व्यवसायीक व्यानर प्रति हप्ता रु ५०। | | |

**पुनश्च:**

- माथि वर्गिकरण गरिए बमोजीम प्रचार वोर्ड राख्न स्वीकृत दिदा वोर्ड राख्न खोजिएको स्थल सार्वजनिक भएमा वा सडक मापदण्ड भित्र पर्ने भएमा सार्वजनिक र सो जग्गा निजि भएमा वा सडक मापदण्ड भित्र नपर्ने भएमा निजी मानी सोही बमोजिम कर दस्तुर लगाईनेछ । साथै कुनै पनि व्यवसाय संघ सँस्था कार्यालयले आफ्नो पसल वा कार्यालयको अघिल्लतीर परिचय गर्ने उद्देश्यले राखेको वढीमा २० वर्ग फुट सम्मको १ मात्र परिचयपाटी राख्न पाउने र सो भन्दा वढी भएमा अथवा एउटै परिचयपाटीमा विज्ञापन गर्ने उद्देश्यले अन्य कम्पनीको विज्ञापन सामाग्री सहित परिचय पाटी राखिएमा माथी उल्लेख गरे वमोजिमले विज्ञापन कर लिइनेछ ।
- प्रदेश कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोही बमोजिम हुनेछ ।

## अनुसुची ९

## मनोरञ्जन कर

| | सि.नं | मनोरञ्जनका साधन | आ.व ०८०/०८१ का प्रस्तावित दर | |
|---|---|---|---|---|
| | १ | सिनेमा हल भिडियो हल सांस्कृतिक प्रदर्शन स्थल थियटर संगीत तथा मनोरञ्जन खेलकुद प्रदर्शन स्थलको प्रवेश शुल्कमा | ५ प्रतिशत | |
| | २ | जादु सर्कस चटक आदीमा प्रतिदिन | ५०० | |
| | ३ | व्यवसायीक भिडियो कर (प्रति भिडियो) | २५० | |

## अनुसुची १०

पटके हाट बजार

| | | विवरण | ०८०/०८१को प्रस्तावित दर प्रतिदिन |
|---|---|---|---|
| | १ | फेन्सी कपडा प्रति पसल | ४५० |
| | २ | ठेकाभाडा प्रति पसल | ३०० |
| | ३ | माटोको भाडा प्रति पसल | १०० |
| | ४ | प्रोभिजनल( डिपार्टमेन्ट) प्रति पसल | २५० |
| | ५ | मादल प्रति पसल | २०० |
| | ६ | अजार भाडा प्रति पसल | १२५ |
| | ७ | सुन चाँदी प्रति पसल | ५०० |
| | ८ | चिया नास्ता प्रति पसल | १५० |
| | ९ | डाला नाङला चुरापोते जडिवुटि पसल प्रति पसल | २०० |
| | १० | जिरा मसला पसल | ४०० |
| | ११ | अन्य पसल हेरेर | १००-३०० |

न.पा क्षेत्र भित्र विक्री वितरणको लागी ल्याउने र घुम्ती पसल राख्ने देहायका व्यवसायका लागी निम्नानुसारका दरले पटके कर लगाउने ।

| | | | |
|---|---|---|---|
| १ | खसी, बोका,च्याग्रा,च्यालुक प्रति गोटा प्रति पटक | रु २५। | |
| २ | हाँस, कुखुरा, (चल्ला बाहेक) प्रति गोटा प्रति पटक | रु १। | |
| ३. | नगर क्षेत्र भित्र गाडीमा दैनिक सामान विक्री गर्ने व्यवसायीलाई प्रति दिन | रु१०००। | |

## अनुसुची ११

## बहाल बिटौरी शुल्क

नगरपालिका क्षेत्रका सार्वजनिक स्थानमा रहेको जग्गा तथा न.पा.को स्वामीत्वमा रहेको संरचना भाडामा लगाउनु परेमा सार्वजनिक जग्गाको भाडादर निर्धारण सम्झौता तथा वक्यौता असुली उपसमितिको सिफारिसमा नगर कार्यपालिकाले गरेको निर्णय बमोजिम हुनेछ ।

# अनुसुची १२

## सेवा शुल्क तथा दस्तुर

### क. सेवा सुल्क

**१.सम्पत्तीको मुल्याकन शुल्कः** नगरपालिका क्षेत्रमा बसोबास गर्ने कर दाताले आफ्नो सम्पत्तीको मुल्याकन मा प्रति हजारमा ५० पैसा तथा आयस्रोत प्रमाणित गर्दा प्रति हजार रु १ रुपैयाका दरले सेवा शुल्क लिईने छ ।

**२. व्यक्तिगत घटना दर्ता शुल्कः** व्यक्तिगत घटना दर्ता ऐन २०७६ र नियमावली २०७७ बमोजिम व्यक्तिगत घटना दर्ता गर्दा सोही ऐनमा व्यवस्था भए बमोजिम हुनेछ ।

| | |
|---|---|
| क. व्यक्तीगत घटना दर्ताको विलम्व शुल्क | रु २०० |
| ख. व्यक्तिगत घटना दर्ता प्रमाणपत्रको नक्कल दस्तुर | रु ५०० |
| ग. व्यक्तिगत घटना तथा नागरिक अभिलेख दर्ता किताब हेरेको दस्तुर | रु २०० |

**(पुनस्चः उल्लेखीत घटना दर्ताको हकमा घटना घटेको ३५ दिन भित्र कुनै शुल्क लाग्ने छैन ।)**

### ३. छाडा पशु पक्षी नियन्त्रण

| | | |
|---|---|---|
| १ | गाई गोरु सुंगुर तथा बाखाको प्रतिदिन प्रति गोटा | रु ५०। |
| २ | हाँस कुखुरा प्रतिदिन प्रति गोटा | रु १०। |

### ४. पार्किङ शुल्क प्रति दिन

| | | | |
|---|---|---|---|
| १ | निजी तथा भाडाका ट्रक बस | रु १५० प्रति रात | रु ५० प्रति दिन। |
| २ | निजि तथा भाडका ट्याक्टर ट्याम्पो जिप ट्याक्सी आदी | रु ५० प्रति रात | रु २५ प्रति दिन। |

**५. सरसफाइ शुल्कः** नगरको फोहोर संकलनको सुविधा पुगेका स्थानमा रु १००। देखी रु ५००। सम्म फोहोर व्यवस्थापन शुल्क लगाईने । फोहोर व्यवस्थापन शुल्क देहाय बमोजिम हुनेछ ।

| वेनी बजार क्षेत्रमा | | |
|---|---|---|
| १ | एक तला सम्मको पक्की घरको | रु १५०। |
| २ | दुई तला सम्मको पक्कीघरको | रु २५०। |
| ३ | तिन तला सम्मको पक्की घरको | रु ३५०। |
| ४ | तिन तला भन्दा माथिको पक्कि घरको | रु ५००। |
| ५ | तीन तलाको कच्ची घर | रु २५०। |

| | | |
|---|---|---|
| ६ | दुइ तला सम्मको कच्ची घर / छाप्रो | रु १५०। |
| ७ | अस्पतालहरु | रु ५००। |
| ८ | सरकारी कार्यालयहरु | रु ३५०। |
| ९ | सरकारी कार्यालय तथा अन्य सेवा मुलक संघ सँस्थामा विभिन्न सटर तथा कोठा भवन वहालमा बस्ने विभिन्न व्यक्ति व्यवसाय तथा कार्यालयहरु लाई मासिक रु १५० को दरले लिने । | |
| **गलेश्वर बजार र सिंगा, तातोपानी क्षेत्रमा** | | |
| १ | एक तला सम्मको घरको | रु ५०। |
| २ | एक तला भन्दा माथी प्रति थप तलाको | रु ५०। |

## ख. दस्तुर

**१. नक्सापास दस्तुर :** न.पा क्षेत्रभित्र निर्माण हुने आधुनिक घरहरु को लागी निम्नानुसारको नक्सापास दस्तुर बापत लाग्नेछ ।

| | | | |
|---|---|---|---|
| १ | नक्सापास निवेदन फारमको | रु ५००। | |
| २ | भुई तला र पहिलो तलामा प्रति वर्ग फिट | रु ६। | |
| ३ | दोस्रो तलामा प्रति वर्ग फिट | रु ८। | |
| ४ | तेस्रो र चौथो तलामा प्रति वर्ग फिट | रु १०। | |
| ५ | बजार क्षेत्रमा निर्माण गर्दा हुने पर्खालको प्रति वर्ग फिट | ५०। पचास पैसा | |
| ६ | अस्थायी छाप्रो निर्माण गर्दा ५००।वर्ग फिट सम्मका छाप्रोको लागी निर्माण दस्तुर रु १०००। अक्षरु पी एक हजार लगाउने र ५०० वर्ग फिट भन्दा बढी भएका छाप्रोको बढी हुन आउने प्रति वर्ग फिट रु २ दुई रु पैयाका दरले लिने । | | |

२. **नक्सा अभिलेखीकरण दस्तुर :निर्माण सम्पन्न भै सकेका तथा साविक स्थानिय निकाय तथा हाल स्थानिय तहबाट नक्सापास नभएका घरहरु को नक्सा अभिलेखीकरणको सम्वन्धमा तपशिल बमोजिम हुनेछ ।**

| | | |
|---|---|---|
| १ | निवेदन फारामको | रु ५००। |
| २ | भुईतला र पहिलो तलामा प्रति वर्ग फिट | रु ३। |
| ३ | दोस्रो तलामा प्रति वर्ग फिट | रु ४। |
| ४ | तेस्रो र सो भन्दा माथी | रु ५। |

**३. नगर क्षेत्र र ग्रामिण ईलाकामा ढुंगा माटो वा ईटा माटोको जोडाईमा निर्माण हुने घरहरु को हकमा पनि नगरपालिकाको अस्थायी निर्माण ईजाजत लिनु पर्ने व्यवस्था गरि देहाय बमोजिमको निर्माण दस्तुर लाग्नेछ ।**

| | | |
|---|---|---|
| क | बेनी बजारमा बन्ने घरहरु को | रु १०००। |
| ख | अन्य ग्रामिण सडक किनारामा बन्ने घरहरु को | रु ५००। |
| ग | अन्य क्षेत्रमा बन्ने घरहरु को | रु २००। |

४.पक्की घर निर्माण ईजाजत दिदा पिलन्थ एरिया १,००० वर्ग फिट सम्म भएको घरमा ५,०००।सो भन्दा माथिको क्षेत्रफल भएको घरमा रु १०,०००।र अस्थायी छाप्रो निर्माण ईजाजत दिदा रु २,०००। धरौटी स्वरुप लिईने छ । नक्सापास ईजाजतका लागी निवेदन दर्ता संगै सो बापतको नक्सापास दस्तुर र धरौटी रकम बुझाउनु पर्नेछ ।त्यस्तो धरौटी रकम निर्माण कार्य सम्पन्न भएपछी निर्माण कार्यबाट उत्पन्न फोहोरको सरसफाई बापत २५ प्रतिशतले हुने रकम कट्टा गरी बाँकी रकम फिर्ता गरिने छ ।

## ४. **ग) शिफारिस दस्तुर**

| सि नं | विवरण | आ.व०८०/०८१ को प्रस्तावित दर |
|---|---|---|
| १ | नेपाली पुरुष संग विवाह गर्ने विदेशी महिलाको नागरिकता सिफारिस | ३००। |
| २ | नागरिकताको प्रतिलिपी सिफारिस | २५०। |
| ३ | नागरिकताको संसोधन सिफारीस | २५०। |
| ४ | नाता प्रमाणित (निवेदन दस्तुर सहित) | २५०। |
| ५ | खानेपानी तथा विद्दुत मिटर जडान सिफारिस | २५०। |
| ६ | थ्रिफेज विधुत सिफारिस | ५००। |
| ७ | नाम संसोधन नाम छुट तथा दुई नाम सिफारिस | २५०। |
| ८ | जन्म मिति प्रमाणीत | ३००। |
| ९ | स्थाई वा अस्थाई बसोवास सम्वन्धी सिफारिस | २५०। |
| १० | नाम थर जन्ममिति संसोधन सिफारिस | २५०। |
| ११ | घर जग्गा नामसारी सिफारिस | ५००। |
| १२ | सम्वन्ध विच्छेद भएको सिफारिस | ३००। |
| १३ | घर जग्गा रोक्का फुकुवा सिफारिस | ३००। |
| १४ | पेन्सन कार्ड वा सो सम्वन्धी अन्य सिफारिस | ३००। |
| १५ | हकवाला संरक्षण सिफारिस | ३००। |
| १६ | अविवाहित प्रमाणिकरण सिफारिस | ५००। |
| १७ | भू उपयोग निति अनुसार जग्गाको वर्गिकरण सिफारिस | ३०० |
| १८ | व्यवसाय दर्ता प्रमाण पत्रको नक्कल प्रति | १००। |

| | | |
|---|---|---|
| १९ | व्यवाय दर्ता लगत कट्टा को सिफारिस | २५०। |
| २० | व्यवसाय दर्ता शुल्क | १००। |
| २१ | घर नक्सा नामसारी | १५००। |
| २२ | घर/भवन निर्माण सम्पन्न सिफारिस(आर. सि. सि) | २०००। |
| २३ | घर/ भवन निर्माण सम्पन्न सिफारिस (कच्ची घर) | ५००। |
| २४ | निजि क्षेत्रका रुख कटान सिफारिस | २५०। |
| २५ | विभिन्न किसिमका उद्योग दर्ता सिफारिस | ५०० |
| २६ | नावालक परिचय पत्र सिफारिस | ५००। |
| २७ | विभिन्न दलित, जनजाती तथा थर प्रमाणीत | २५०। |
| २८ | कर किलियर सिफारिस नेपाली | १००। |
| २९ | पारिवारिक विवरण प्रमाणित | ३००। |
| ३० | कन्सुलर प्रमाणित दस्तुर | ५००। |
| ३१ | खानेपानी सम्वन्धी सिफारिस | २५०। |
| ३२ | अस्पताल दर्ता दस्तुर | १५०००। |
| ३३ | अस्पताल नविकरण दस्तुर | ५०००। |
| ३४ | ल्याव एक्सरे सहितको किल्निक दर्ता दस्तुर | १००००। |
| ३५ | ल्याव एक्सरे सहितको किल्निक नविकरण दस्तुर | २५००। |
| ३६ | सामान्य किल्निक दर्ता दस्तुर | ५०००। |
| ३७ | सामान्य किल्निक नविकरण दस्तुर | १५००। |
| ३८ | लेखापरिक्षक सुचिकृत दस्तुर | १०००। |
| ३९ | रासायनिक मल विक्रेता दर्ता सुचिकरण | ५००। |
| ४० | रासायनिक मल विक्रेता नविकरण | ३००। |
| ४१ | वडा स्तरको मेला तथा कार्यक्रम अनुमती सिफारिस | १०००। |
| ४२ | नगर स्तरको वडा तथा कार्यक्रम अनुमती सिफारिस | २५००। |
| ४३ | जिल्ला स्तरिय मेला तथा कार्यक्रम अनुमती सिफारिस | ३०००। |
| ४४ | राष्ट्रिय स्तरिय को मेला तथा कार्यक्रम अनुमती सिफारिस | ५०००। |
| ४५ | स्वाथ्य संस्था एकीकरण विभाजन नामसरी ठाउँसरी एकाघरको | १५००। |
| ४६ | स्वाथ्य संस्था एकीकरण विभाजन नामसरी ठाउँसरी एकाघर वाहेकको | ३०००। |
| ४७ | सार्वजनिक स्थानमा विज्ञापन वोर्ड राख्नका लागि अनुमती सिफारिस | ५००। |
| ४८ | वैदेशिक प्रयोजनका लागी अंग्रेजी भाषामा गरिने सवै प्रकारका सिफारिस | १०००। |
| ४९ | चार किल्ला प्रमाणीत | ५००। |

| | | |
|---|---|---|
| ५० | ग्रामिण क्षेत्रका घरबाटो सिफारिस | ३०० । |
| ५१ | बजार क्षेत्रका घरबाटो सिफारिस | ५०० । |
| ५२ | संस्था दर्ता तथा नविकरण सिफारिस | ५०० । |
| ५३ | घर ढलान गर्दा बाटो प्रयोग सम्वन्धी सिफारिस सुचना जारी गर्नुपर्ने | १००० । |
| ५४ | भवन निर्माण अनुमती प्रतिलिपी | १००० । |
| ५५ | अन्तशुल्क इजाजत सिफारिस | ५०० । |
| ५६ | व्यवसाय दर्ता सिफारिस | ५०० । |
| ५७ | मुचुल्का प्रमाणित | ३०० । |
| ५८ | तमसुक प्रमाणित रोहवर दस्तुर | ३०० । |
| ५९ | न्यायिक समिति समक्ष पेश गर्ने उजुरी निवेदन | २५० । |
| ६० | घर निर्माण रोक्का सम्वन्धी उजुरी | २५० । |
| ६१ | बहाल करको लेखाजोखा सिफारिस | ३०० |
| ६२ | बन्ध घर तथा कोठा खोल्ने रोहवरमा वस्ने | ३०० |
| ६३ | मोही लगत कट्टा सिफारिस | २५० |
| ६४ | व्यक्तीगत विवरण प्रमाणित गर्ने | २५० |
| ६५ | पारिवारीक विववरण प्रमाणित गर्ने | २५० |
| ६६ | पारिवारिक विवरण सवल सिफारिस | २५० |
| ६८ | कृषि समूह दर्ता तथा नविकरण | ५०० |
| ६९ | संघ सँस्था दर्ता/नविकरण शुल्क | ५०० |
| ७० | पशुपंक्षी समुह दर्ता तथा नविकरण | ५०० |
| ७१ | घर नक्सा नविकरण सिफारिस | २००० |
| ७२ | घर नक्सा प्रतिलिपी | २००० |
| ७३ | सहकारी सँस्था दर्ता सिफारिस | १००० |
| ७४ | विभिन्न सहकारी/ संघ सँस्थाको विनियम संसोधन अनुमती | ५०० |
| ७५ | विभिन्न सहकारी/ संघ सँस्थाहरु को मर्ज, एकिकरण, विभाजन तथा दर्ता खारेजी | १००० |
| ७६ | हकवाला,हकदार पारिवारिक विवरण /संरक्षण प्रमाणित | ३०० |
| ७७ | उद्योग नामसारी तथा ठाउँसारी गर्ने सिफारिस | ५०० |
| ७८ | विवाह प्रमाणित सिफारिस | ३०० |

| | | |
|---|---|---|
| ७९ | मृत्यू प्रमाणित सिफारिस | ३०० |
| ८० | कित्ता काट/कित्ता एकिकरण सिफारिस | ३०० |
| ८१ | वैदेशिक प्रयोजनको अंग्रेजी सिफारिसहरु सोही आ.व. भित्र व्यहोरा फरक नपर्ने गरि पुन प्रमाणित गर्दा | प्रति प्रमाणित रु १०० |
| ८२ | व्यवसाय दर्ता प्रमाणपत्र संसोधन | १०० |
| ८३ | घरेलु लगायत अन्य सम्वन्धित कार्यालयमा उधोग दर्ताको विवरण संसोधन सिफारिस | ३०० |
| ८४ | विभिन्न कर तथा दस्तुर तिरेको रसिदको प्रतिलिपी दस्तुर | १०० |
| ८५ | विधवा महिलाका लागि पुन विवाह नभएको सिफारिस गर्न | २५० |
| ८६ | प्रतिवादी निवेदन दस्तुर | १०० |
| ८७ | खानेपानी तथा जलश्रोत उपभोक्ता समितिको दर्ता तथा नविकरण कार्यविधि वमोजिम | |
| | १.दर्ता शुल्क | १५०० |
| | २.असोज मसान्त सम्म नविकरण गरेमा | १००० |
| | ३.असोज महिना पछी सोही आ.व. मा नविकरण गरेमा | १२०० |
| | ४.नविकरण अवधि समाप्त भएको २ वर्ष सम्म | २००० |
| ८८ | घ वर्गको इजाजत दिनका लागि निम्मानुसारको शुल्क हुनेछ । | |
| | दर्ता दस्तुर | १०००० |
| | नविकरण दस्तुर | २००० |
| | नविकरण थप दस्तुर | २००० |
| | प्रतिलिपी दस्तुर | १००० |
| | एकाघर परिवारमा नामसारी दस्तुर | २००० |
| | एकाघर वाहेक नामसारी दस्तुर | ५००० |
| | ठाउसारी दस्तुर | ७००० |
| ८९ | दहत्तर वहत्तर/ ढुङ्गा गीटी वालुवाको अवैध संकलन तथा उत्खननको दण्ड जरिवाना जफत पहिलो पटकको लागि जिल्ला अनुगमन समितिको निर्णयानुसार निम्नानुसारले लगाइने छ र दोस्रो पटकका लागि तोकिएको दोब्बर दस्तुर कायम हुनेछ । | |
| | • डोजर / स्काभेटर | रु ५०००० |
| | • टिपर | रु २५००० |
| | • ट्याक्टर | रु १०००० |
| ९० | सडक पेटीमा विक्री वितरणका लागी राखिएका फलफुल तथा अन्य सामाग्रीहरु | |

| | | |
|---|---|---|
| | • पहिलो पटक<br>• दोस्रो वा सो भन्दा वढी पटकको लागी | रु५०० <br>रु१००० |
| ९१ | यस विवरणमा नपरेका बाहेकका अन्य सिफारिसको | ३०० |
| ९२ | वेनी नगर क्षेत्रमा कार्यालय नरहेका संचार माध्यम अन्तरगतका व्यवसायहरुको सुचिकृत दस्तुर | १००० |
| ९३ | जन्म तथा बंशजको आधारमा नागरिकता सिफारिस | निशुल्क |
| ९४ | सामाजिक सुरक्षा सँग सम्वन्धित सिफारिस | निशुल्क |
| ९५ | टोल विकास सँस्था उपभोक्ता समिति वैंक खाता खोल्ने सिफारिस | निशुल्क |
| ९६ | वेरोजगार व्यक्तिको सूचिकरण | निशुल्क |
| ९७ | अपांग असाहाय जेष्ठ नागरिक परिचय पत्र सिफारिस | निशुल्क |
| ९८ | वडाले न.पा. लाइ कर प्रयोजनका लागि विवरण संसोधन सिफारिस | निशुल्क |
| ९९ | मृत वेवारिस पशु व्यवस्थापन | निशुल्क |
| १०० | स्वास्थ्य उपचार सिफारिस | निशुल्क |
| १०१ | असक्त असहाय तथा अनाथको पालन पोषणको लगि सिफारिस | निशुल्क |
| १०२ | आर्थिक अवस्था कमजोर वा विपन्नता सिफारिस | निशुल्क |
| १०३ | योजनाका लागि सम्झौता सम्वन्धी सिफारिस | निशुल्क |
| १०४ | रनिङ्ग विल माग गर्दा | निशुल्क |
| १०५ | योजना रकम भुक्तानी | निशुल्क |
| १०६ | विभिन्न अनुदान प्रदान सम्वन्धी सिफारिस | निशुल्क |
| १०७ | पशुपंक्षी सम्वन्धी प्राविधिक सेवा | निशुल्क |
| १०८ | पशुपंक्षी विमा सिफारिस | निशुल्क |

## निजी विद्यालय संचालन तथा कक्षा थप लगायत अन्य सिफारिस अनुमति

| | विवरण | सिफारिस/ अन्य शुल्क | अनुमति |
|---|---|---|---|
| १०९ | **सँस्थागत विद्यालय कक्षा थप सिफारिस  तथा अनुमती** | | |
| १०९.१ | क) पुर्व प्रा.वि/ मन्टेश्वरी | ५००। | २५०० |
| | ख) नि.मा.वि/आधारभुत | ५००। | ३५०० |
| | ग) मा.वि | ५००। | ५००० |
| | घ)स्नातक तह | ५००। | ७५०० |
| १०९.२ | नया सामुदायिक विद्यालय खोल्ने अनुमती | नियमावली अनुसार | |
| १०९.३ | निजी विद्यालय संचलन सिफारिस | ५०० | |
| १०९.४ | संस्थागत विद्यालयमा विषय थप | ३०० | १००० |
| १०९.५ | विद्यालयको स्थान परिवर्तन | २५० | ५०० |
| १०८.६ | विद्यालयको नाम तथा स्वामीत्व परिवर्तन  अनुमती | २५० | ५०० |
| १०९.७ | कक्षा ८ को ग्रेडसिट प्रमाणपत्रको प्रतिलिपी | २०० | |
| १०९.८ | कम्प्युटर इन्स्टिच्युट टाइप सेन्टर भाषा प्रशिक्षण तथा कोचिङ्ग कक्षा संचालन अनुमती सिफारिस | | २००० |
| १०९.९ | शिक्षा सँग सम्वन्धी तलिम अनुसन्धान तथा परामर्श सेवा संचालन अनुमती सिफारिस | | २००० |
| १०९.१० | विद्यालय ग्रेड सिट सच्चाएको | ३०० | |

## अनुसूची १३

### १.सडक मर्मत सुधार शुल्क

- यस न.पा. क्षेत्रभित्र नयाँ व्यक्तिगत धारा जडान गर्दा वा मर्मत गर्दा र ड्रेनको निकास वा अन्य कुनै कारणले सडक खाडल पार्नु पर्ने वा सडक काट्नु पर्ने भएमा त्यस्तो कार्य समाप्त भए पश्चात सो फुटाइएको वा काटिएको सडकलाई पूर्व अवस्थामा ल्याउन सो कार्य गर्ने व्यक्ति वा सँस्था बाट प्राविधिक मुल्यांकन गरी लाग्ने रकम मर्मत शुल्क लिई सडक अनुमती दिइनेछ तर खानेपानीको लागि नयाँ धारा जडान र अत्यावश्यकीय ढल निकास गर्नुपर्ने अवस्था वाहेक अन्य अवस्थामा पिच सडक काट्ने अनुमती दिइने छैन ।
- नेपाल सरकार, प्रदेश सरकार तथा नगरपालिकाको स्रोतबाट निर्मित वा नगरपालिकालाई हस्तान्तरण भई आएका सडक वा संरचनामा कुनै व्यक्ति वा संस्थाले कुनै हेभि इक्विपमेन्ट साधनहरु ले उक्त सडकलाई क्षति पुराएमा रु २५ हजारमा नघटने गरी प्राविधिक मुल्यांकनका आधारमा जरिवाना स्वरुप सडक मर्मत शुल्क लिइनेछ ।

## अनुसुची १४

### १. दण्ड जरिवाना तथा छुटः

- सोही आ.व. मा नियमानुसार लाग्ने कर तथा दस्तुर नबुझाउने करदाताहरु लाई गत वर्षको हकमा विभिन्न कर तथा शुल्कको वक्यौतामा १० प्रतिशत र सो भन्दा अगाडीका वर्षहरु को हकमा एकमुष्ट २० प्रतिशत जरिवाना लाग्नेछ । तर व्यवसाय कर तथा घरवहाल/वहाल करको हकमा आ.व.सामाप्त भएको पहिलो ३ महिना (असोज मसान्त) भित्र कर बुझाएमा जरिवाना लाग्ने छैन र उक्त अवधि पश्चात नियमानुसार जरिवाना लाग्नेछ ।
- आ.व. शुरु भएको पहिलो तिन महिना (असोज मसान्त) भित्र वार्षिक कर तथा दस्तुर बुझाएमा १०% छूट दिईनेछ ।
- सार्वजनिक जग्गा तथा वेनी न.पा.को स्वामित्वमा रहेको संरचनामा सम्झौता भई भाडामा बसेका सम्पुर्ण व्यक्ती तथा सँस्थाले भाडा कायम हुने महिनाको पहिलो तीन महिना भित्र एकमुष्ठ वार्षिक भाडा रकम भुक्तानी गरेमा १०% छूट दिइनेछ ।
- सार्वजनिक जग्गा/ संरचनाको मासिक भाडा रकम महिना भुक्तान भएको सात दिन भित्र न.पा.मा नियमित बुझाउनु पर्ने छ । न.पा.को सार्वजनिक जग्गा / न.पा.को स्वामित्वमा रहेको संरचना भाडामा लिइ बस्ने वेनी नगरवासी तथा वडावासी व्यक्तिगत व्यापारी / व्यवसायीहरु ले भाडा कायम हुने महिनाको एक वर्ष भित्र एकमुष्ठ भाडा भुक्तानी गरेमा पाउने १० प्रतिशत छुटका अतिरिक्त नियमित मासिक/अग्रीम एकमुष्ठ वार्षिक भाडा भुक्तानी गरेमा सोही महिना/वार्षिक लाग्ने भाडा वापतको रकममा क्रमश सम्वन्धित वडावासीलाई १५ प्रतिशत र

नगरवासीलाइ १० प्रतिशत छुट दिने र अन्य सम्पुर्ण भाडामा बस्नेलाई सोही महिनाको मसान्त भित्र भाडा भुक्तानी गरेमा ३ प्रतिशत छुट दिने तर महिना भुक्तान भएको एक हप्ता भित्र समेत भाडा भुक्तानी नगरेमा भाडामा बस्ने सम्पुर्ण व्यक्ति वा सँस्थालाई मासिक भाडा वापतको रकममा ३ प्रतिशत जरिवाना लिने साथै अन्तिम एक आ.व. को भाडा वापतको वक्यौतामा १० प्रतिशत र सो भन्दा वढी आ.व. को वक्यौतामा २० प्रतिशत जरिवाना कायम गर्ने ।

- नगर सभा र यस ऐनले कर छुटका लागि व्यवस्था गरे वाहेकको कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थाहरु लाई कुनै पनि किसिमको कर छुट दिईने छैन ।